## नगरपालिका तथा वडा कार्यालयबाट संचालन गरिने तालिम, गोष्ठि, सेमिनार, कार्यशाला खर्चको मापदण्ड २०७६

**१) तालिम, गोष्ठि, सेमिनार, कार्यशाला सम्मेलनमा कार्यपत्र प्रस्तुतकर्ता पारिश्रमिक (प्रतिसत्र)**

**(अ) नगरकार्यपालिका, नगरसभाका सदस्य तथा नगरपालिकाका शाखा प्रमुखहरु सहभागि हुँदा**

(क) बाहिरी प्रस्तुतकर्ता

कार्यपत्र वापत १५०० (कार्यपत्र कम्तीमा १५०० शब्दको हुनु पर्ने)

प्रवचन वापत १००० (प्रवचन घटीमा डेढघन्टाको हुनु पर्ने )

(ख) आन्तरिक प्रस्तुतकर्ता

प्रवचन/कार्यपत्र वापत २००० (कार्यपत्र कम्तीमा १५०० शब्द र प्रस्तुती डेढ घन्टा)

**(आ) नगरपालिकाका कर्मचारीहरु तथा स्थानीय नागरिकहरु सहभागि हुँदा**

(क) बाहिरी प्रस्तुतकर्ता

कार्यपत्र वापत १००० (कार्यपत्र कम्तीमा १५०० शब्दको हुनु पर्ने)

प्रवचन वापत १००० (प्रवचन घटीमा डेढघन्टाको हुनु पर्ने ))

(ख) आन्तरिक प्रस्तुतकर्ता

प्रवचन/कार्यपत्र वापत १५०० (कार्यपत्र कम्तीमा १५०० शब्द र प्रस्तुती डेढ घन्टा)

**२) शीप विकास तालिम**

(क) कक्षागत व्यवस्था (७ दिनसम्मको तालिममा कक्षागत र सोभन्दा बढीको तालिममा आवधिक प्रशिक्षकको व्यवस्था गर्नु पर्ने)

कार्यपत्र (हेण्ड्सआउट) वापत ५०० (कार्यपत्र कम्तीमा १००० शब्दको हुनु पर्ने)

कक्षा संचालन वापत ५०० (प्रवचन घटीमा डेढघन्टाको हुनु पर्ने ))

(ख) बाहिरी प्रशिक्षकको हकमा (३० कार्यदिन सम्मको लागि)

मुख्य प्रशिक्षक (प्रतिदिन न्यूनतम् २ कक्षा लिनु पर्ने) १,५००

सहायक प्रशिक्षक (प्रतिदिन न्यूनतम् २ कक्षा लिनु पर्ने) १,०००

(ग) बाहिरी प्रशिक्षकको हकमा (३० कार्यदिनभन्दा बढीको लागि) मासिक

मुख्य प्रशिक्षक (मासिक ६० कक्षा लिनु पर्ने) २०,०००

सहायक प्रशिक्षक (प्रतिदिन न्यूनतम् २ कक्षा लिनु पर्ने) १५,०००

**(३) बैठक, तालिम, गोष्ठि, सेमिनार, समारोह, कार्यशाला सम्मेलन उद्घाटन समापनमा**

(क) खाजा (प्रति व्यक्ति प्रति दिन) रु.१५०

विशिष्ट व्यक्तिहरु यस्ता समारोहमा आमन्त्रण गरिएको अवस्थामा यस्तो व्यक्ति उपस्थित भएको प्रमाण र सामुहिक तसविर राखि थप रु. २००० सम्म खर्च गर्न सकिनेछ ।

(ख) मसलन्द : सहभागिको लागि : प्रतिव्यक्ति १००

प्रशिक्षणका लागि : प्रति कार्यक्रम २५००

(ग) संयोजक भत्ता : प्रतिदिन ५००

(घ) सहयोगि भत्ता : प्रतिदिन २००

(ङ) विविध (प्रमाणपत्र, पानी, सरसफाई, व्यानर आदिका लागि) प्रति कार्यक्रम २०००

(च) सहभागि/प्रशिक्षार्थी आवास खर्च : प्रति रात ५०० सम्म

(छ) तालिम हल तथा उपकरण भाडा : प्रतिदिन १००० सम्म ।

(ज) बस्तुगत टेवा (तालिम सहभागिलाई उपकरण खरिद वापत) एकमुष्ट प्रतिव्यक्ति रु. ३००० सम्म

(४) स्थलगत अनुगमन, निरीक्षण, परामर्श प्रदान गरेको प्रतिवेदन पेश भएमा प्रतिदिन प्रतिव्यक्ति १००० ।

(नोट :भ्रमण आदेश जारी गरी अभिलेख गराएको अवस्थामा मात्र यस्तो रकम खर्च लेख्न मिल्ने)

(५) प्रतिवेदकको पारिश्रमिक : एकदिनको कार्यक्रममा १००० र दिन थप भएकोमा प्रतिदिन थप ५००

(६) सहभागिता भत्ता नपाउनेलाई दैनिक खाने बस्ने खर्च : दैनिक ५००

(७) सहभागिको भ्रमण खर्च : नगरपालिका क्षेत्र भित्र : एकमुष्ट ३००

नगरपालिका वाहिर : एकमुष्ट ६००